मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# अनलाइन र अफलाइन सहयोग

मेक्सको Bye Laws 14.1 को प्रावधान अनुसार, क्लियरिङ्ग हाउस, सदस्यहरु, ब्रोकर, सब-ब्रोकर तथा सम्पूर्ण ग्राहकहरुलाई निम्न जानकारी गराइन्छ ।

भाग 'अ' ले अनलाइन सहयोगको व्याख्या गर्छ र भाग 'आ' ले अफलाइन सहयोगको व्याख्या गर्छ ।

## भाग - अ

**अनलाइन सहयोग :**

प्रयोगकर्ताले आफ्नो कारोवार स्थल (Trading Console) बाट आदेश दिन नसकेको अवस्थामा, अनलाइन सहयोग (Online Support) को प्रयोग गर्न सक्नेछन् । यो यस्तो अवस्था हो जब प्रयोगकर्ताहरु आफ्नो कारोवार स्थल खोल्न सक्ने तर अर्डर लिन नसक्ने हुन्छन् ।

अनलाइन सहयोग मार्फत् प्रयोगकर्ताले नयाँ कारोबार (New position) लिन सक्नेछन् तथा खुला कारोबार (Open position) लाई परिसमापन गर्न सक्नेछ र साथ साथै भएको खुला कारोबारमा नाफा लिन/ नोक्सान रोक (Take Profit/Stop Loss) पनि राख्न सक्नेछ ।

ग्राहक वा सब-ब्रोकर (ग्राहकको तर्फबाट कारोबार गर्ने अधिकार दिइएको सब-ब्रोकर) ले अनलाइन सहयोगका लागि कारोबार स्थलमा उपलब्ध भएको **Live "Chat"** मार्फत् आदेश दिनुपर्ने हुन्छ । ग्राहक/सब-ब्रोकरलाई आदेश लिन साच्चै नै समस्या भएको फेला परेमा मात्र क्लियरिङ्ग हाउसले यस्तो सहयोग प्रदान गर्ने छ ।

द्रष्टव्य :

- प्रयोगकर्ता भनेको ग्राहक र सब-ब्रोकर [कारोबार (Trade) गर्ने अधिकार दिइएका सब-ब्रोकर] हुन् ।
- सब-ब्रोकर [बन्द (Close Only) गर्ने अधिकार दिइएको] ले चलिरहेको कारोबार परिसमापन गर्नका लागि मात्र यो सेवा प्रयोग गर्न सक्नेछ ।
- यस्तो सहयोग लिनका लागि प्रयोगकर्ताले "**I want Online Support**" उल्लेख गर्नुपर्छ ।
- कारोबार स्थलको Live Chat मार्फत् Client Service लाई आएको आदेश/निर्देशन ग्राहक वा सब-ब्रोकरबाट नै आएको मानिने छ ।

मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

## भाग - आ

**अफलाइन सहयोग :**

अफलाइन सहयोग निम्न अवस्थामा प्रयोगकर्ताहरुलाई प्रदान गरिनेछ :

१. मेक्स सर्भरसँग सम्पर्क हुन नसकेको अवस्था (मेक्सले पुष्टि गरे अनुरुप)
२. नेपालभरि इन्टरनेट नचलेको अवस्था
३. नेपालभरि विद्युत सेवा बन्द भएको अवस्था
४. प्रयोगकर्ताले आफ्नो कारोबार स्थल लग ईन गर्न नसकेको अवस्था (प्रमाणका लागि Snapshot दिनुपर्ने)

एक्सचेन्जमा दर्ता भएका ग्राहक र सब-ब्रोकरलाई आफ्नो खुला कारोबार (Open position) लाई परिसमापन गर्ने वा त्यस्तो कारोबारमा नाफा लिन/ नोक्सान रोक (Take Profit/Stop Loss) राख्न मात्र यो अफलाइन सुविधा प्रदान गरिएको हो ।

**माथि उल्लेख गरिएका अवस्थामा यो अफलाइन सहयोग प्रयोग गर्न निम्न प्रक्रिया अपनाउनु पर्दछ :**

१. ग्राहक वा सब-ब्रोकर [कारोबार (Trade) र बन्द गर्ने (Close only) अधिकार दिइएको सब-ब्रोकर] ले आफ्नो आदेश, ब्रोकरको आधिकारिक व्यक्तिसँग राख्नुपर्छ ।
२. ब्रोकरको आधिकारिक व्यक्तिले त्यस्तो आदेश तोकिएको फोन मार्फत् क्लियरिङ्ग हाउसको क्लियरिङ्ग विभागसँग राख्नुपर्छ ।
३) क्लियरिङ्ग हाउसको क्लियरिङ्ग विभागले पाएको आदेश प्रारम्भ गर्छ र ब्रोकरको आधिकारिक व्यक्तिलाई आदेश र मूल्य पुष्टि गर्दछ ।
४) ग्राहकद्वारा औंठाको छाप र हस्ताक्षर गरिएको आदेश स्लिप (किन्ने/बेच्ने फारम) ब्रोकरको आधिकारिक व्यक्तिले सङ्कलन गरि आफ्नो (ब्रोकरको) हस्ताक्षर र कम्पनी छाप लगाई कारोबार दिन समाप्त हुनु अघि नै क्लियरिङ्ग हाउसमा फ्याक्स गरिसक्नुपर्छ । मूल स्लिप क्लियरिङ्ग हाउसकहाँ आउने सोमबारको दिनसम्म बुझाइसक्नुपर्नेछ ।

**द्रष्टव्य :**

१. यस्तो सहयोग लिनका लागि ब्रोकरलले "मलाई अफलाइन सहयोग चाहियो" उल्लेख गर्नुपर्छ ।
२. सब-ब्रोकर [बन्द (Close Only) गर्ने अधिकार दिइएको] ले चलिरहेको कारोबार परिसमापन गर्नका लागि मात्र यो सेवा प्रयोग गर्न सक्नेछ ।

३. ब्रोकरलाई अफलाइन सहयोगका लागि एउटा विशिष्ट टेलिफोन नम्बर प्रदान गरिन्छ ।
४. एक्सचेन्जको अनुमोदन/स्वीकृती पाएपछि मात्र यस्तो सहयोग प्रदान गरिनेछ ।
५. यो सुविधा खुला कारोबार रहेका ग्राहकका लागि मात्र हो । यस अन्तर्गत ग्राहकले आफ्नो खुला कारोबार परिसमापन गर्न वा खुला कारोबारमा नाफा लिन र नोक्सान रोक (T/P or S/L) राख्न सक्नेछ ।
६. अफलाइन आदेशहरु ग्राहकको कारोबार स्थलमा प्रतिबिम्बित हुन उचित समय लाग्न सक्नेछ ।
७. टेलिफोन मार्फत् आएका सबै अफलाइन आदेश क्लियरिङ्ग हाउस र क्लियरिङ्ग सदस्यले रेकर्ड गर्नेछ ।
८. ब्रोकरबाट क्लियरिङ्ग हाउसलाई आएको आदेश/निर्देशन ग्राहक/सब-ब्रोकर बाट नै आएको मानिने छ ।

**आदेश स्लिप प्रस्तुत नगरेमा :**

१. यदि आदेश स्लिप (फ्याक्स), कारोबार दिनको समाप्ती अघि क्लियरिङ्ग हाउसकहाँ नपुगेमा, क्लियरिङ्ग हाउसले ग्राहक (जसका लागि आदेश प्रारम्भ भएको थियो) को कारोबार स्थल निलंबित गरिदिनेछ ।
२. यदि मूल ओदश स्लिप (मूल फारम) क्लियरिङ्ग हाउसकहाँ आउने सोमबारको दिनसम्म नपुगेमा, क्लियरिङ्ग हाउसले एक्सचेन्जलाई सूचित गर्नेछ वा गुनासो राख्ने छ र एक्सचेन्जको स्वीकृति लिई क्लियरिङ्ग हाउसले ब्रोकर/सब-ब्रोकर/ग्राहकलाई निलंबित गर्नेछ (निलंबन तत्काल हुन सक्छ वा क्लियरिङ्ग हाउसले आदेश स्लिप प्रस्तुत गर्न थप समय दिन सक्नेछ ।)
३. मूल ओदश स्लिप (मूल फारम) बुझाईसकेपछि मात्रे निलंबन हटाइने छ ।

**दाबी छाडिएको :**

१. यस्तो अफलाइन सहयोगबाट आएको आदेशको पूरै जिम्मेवारी ब्रोकर वा क्लियरिङ्ग सदस्य/आधिकारिक व्यक्तिको हुनेछ ।
२. अफलाइन आदेश ग्राहकको कारोबार स्थलमा सहि रुपमा प्रतिबिम्बित भए नभएको र क्लियरिङ्ग हाउसले पुष्टि गरे अनुसार भए नभएको पक्का गर्नु पनि ब्रोकर र क्लियरिङ्ग सदस्यको जिम्मेवारी हुनेछ ।
३. कारोबार दिन समाप्त हुनु अघि अफलाइन आदेशमा कुनै भूल/गल्तीको दाबी नआएमा सो आदेश ग्राहक/ब्रोकरले स्वीकार गरेको मानिने छ ।
४. ब्रोकरले क्लियरिङ्ग हाउसलाई सम्पर्क गर्न खोजेको बेला फोन लाइन व्यस्त भएमा वा सम्पर्क हुन नसकेमा सो को जिम्मेवारी क्लियरिङ्ग हाउसले लिने छैन ।

५. क्लियरिङ्ग हाउसकहाँ बजार आदेश (Market Order) राखिसकेपछि, सो आदेश रद्द गर्न मिल्ने छैन ।
६. बजार आदेश राखिसकेपछि यदि फोन काटिएमा, सो आदेश रद्द भएको मानिने छैन ।

**नोटः**

- **क्लियरिङ्ग सदस्य अन्तर्गत दर्ता भएका ब्रोकरहरुले पनि आफ्नो क्लियरिङ्ग सदस्य मार्फत क्लियरिङ्ग हाउससँग सम्पर्क गरी माथि उल्लेखित नियम तथा प्रक्रियाको पालना गर्नु पर्नेछ ।**
- **क्लियरिङ्ग सदस्यले दर्ता गराएका ग्राहकहरुले पनि आफ्नो क्लियरिङ्ग सदस्यसँग सम्पर्क गरी माथि उल्लेखित नियम तथा प्रक्रियाको पालना गर्नु पर्नेछ ।**